तारकेश्वर नगरपालिका बुलेटिन

बर्ष १ अकं १

२०८१ बैशाख देखि असार सम्म



सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

प्रकाशक

तारकेश्वर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

धर्मस्थली, काठमाडौं

बागमती प्रदेश, नेपाल ।

सम्पादकीय

तारकेश्वर नगरपालिकाद्वारा सम्पादित विभिन्न गतिविधिहरुलाई आम नागरिक एवं सरोकारवालाहरुका विचमा सम्प्रेषित गर्ने उद्देश्यले यस बुलेटिन प्रकाशन कार्यको सुरुवात भएको छ। नगरपालिकामा भईरहेका कामकारवाहीहरुका सम्वन्धमा जानकारी पाउने अधिकार आम नागरिक एवं सरोकारवालाहरुले राख्ने सन्दर्भमा यस खालको बुलेटिनले नागरिकको सुसुचित हुन पाउने अधिकारको सुनिश्चितता गर्नुका साथै कार्यालयले गरेका कामहरुका सन्दर्भमा पृष्ठपोषण प्राप्त भई उक्त कार्यहरुलाई थप परिष्कृत गर्न मद्दत मिल्ने विश्वास कार्यालयले लिएको छ।

नागरिकको नजिकमा रही स्थानीय सेवा प्रवाह एवं विकास व्यवस्थापनमा सहभागी रहने संवैधानिक जिम्मेवारीलाई पुरा गर्ने सन्दर्भमा नगरपालिकाद्वारा आवधिक योजना, वार्षिक योजना एवं प्रचलित कानुनहरुको अधिनमा रही आफ्ना काम कारवाहीहरु अगाडि वढाईरहेको छ। नागरिक संलग्नता एवं नागरिक सहभागिता बेगर यस प्रकारका काम कारवाहीहरुमा नागरिक अपनत्व स्थापित गर्न नसकिने एवं परिचालित स्रोत साधनको उत्पादकत्व अभिवृद्वि गर्न नसकिने सन्दर्भमा नगरपालिका नागरिकहरुलाई अधिकतम परिचालन गर्ने सन्दर्भमा दृढ छ। आम नागरिकका अपेक्षा अनुरुप सेवा प्रवाह एवं विकास व्यवस्थापन चुस्त दुरुस्त एवं प्रभावकारी हुन नसकेतापनि तमाम चुनौतीहरुका विचबाट कार्यालयले घोषित लक्ष्यहरु पूरा गर्न प्रयास गरिरहेको छ। यस सन्दर्भमा नगरपालिका कार्यालय आम सरोकारवालाहरु र विशेषत आम नागरिकहरुसँग स्थानीय विकास व्यवस्थापन सहितका समग्र क्रियाकलापहरुमा सहकार्य र सहभागिताका लागि आव्हान गर्दछ। हाम्रा साझा सपनाहरु पूरा गर्ने कार्यका लागि सपनाहरुका सम्वन्धमा साझा धारणाहरुको निर्माणका साथै उक्त धारणाहरुको बुझाईमा एकरुपता र सो को कार्यान्वयनका लागि सामूहिक प्रयास एवं प्रयत्नहरुको आवश्यकता रहेको सन्दर्भमा कार्यालय परिवार आम नागरिक, राजनीतिक दल एवं विभिन्न सामाजिक संघ संस्थाहरुसँग सोही अनुरुपको सहकार्यको लागि अनुरोध समेत गर्दछ। यस बुलेटिनले यस खालको संस्कारको विकास गर्ने सन्दर्भमा एक महत्वपूर्ण सेतुको रुपमा स्थापित हुन सक्नेछ भन्ने अपेक्षा समेत कार्यालयले राखेको छ।

अन्त्यमा यस बुलेटिनलाई थप परिमार्जन र परिष्कृत गर्दै नियमित रुपमा त्रैमासिक बुलेटिनको रुपमा प्रकाशन गर्ने प्रतिवद्वता व्यक्त गर्दछौं र यसलाई थप परिमार्जनको लागि आवश्यक पृष्ठपोषणको लागि समेत अनुरोध गर्दछौं।

सम्पादन गरेको कामको विवरण

१) उप-प्रमुख संग महिला शिक्षक-प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम



मिति २०८१ बैशाख ७ र ८ गते बोजनी रिसोर्ट नगरकोटमा तारकेश्वर नगरपालिकाको आयोजनामा उप-प्रमुख संग महिला शिक्षक-प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम उपप्रमुख सृजना बुर्लाकोटी अर्याल ज्यू को अध्यक्षतामा सम्पन्न गरियो । नगर प्रमुख कृष्ण हरि महर्जन ज्यू प्रमुख अतिथी रहनुभएको यस कार्यक्रममा नगर शिक्षा अधिकारी पदम बहादुर खत्री ज्यू, शिक्षा अधिकृत सन्तोष खनाल ज्यू, प्रशासन शाखा प्रमुख रचना शर्मा पन्थी ज्यू, सुचना प्रविधी अधिकृत अशोक कुमार श्रेष्ठ ज्यू, तारकेश्वर नगरपालिका अन्तर्गतका २१ सामुदायिक विद्यालय र १ महिला विद्यालय सहित १७२ जना महिला शिक्षकहरुको सो कार्यक्रममा सक्रिय सहभागिता रहेको थियो । कार्यक्रममा श्रोत बिज्ञ ईश्वर श्रेष्ठ र डा. बिजय ज्ञवालीले शिक्षकहरुले पढाउने तरिका, विद्यार्थीहरु संग गरिने व्यवहार, मनोसामाजिक बिषयको बारेमा प्रस्तुतीकरण दिनुभयो । स्वागत मन्तब्य शिक्षा शाखा प्रमुख पदम बहादुर खत्रीले राख्नु भएको थियो भने नगर प्रमुख कृष्ण हरि महर्जन ज्यूले शिक्षकको स्व-मुल्यांकन, शिक्षकहरुले ध्यानदिनु पर्ने बिषयमा प्रस्तुतीकरण दिनुभयो । प्रस्तुतीकरणको अन्त्यमा नगर प्रमुख ज्यूले गितमा नचाएर मनोरञ्जन गराउनु भएको थियो । महिला शिक्षकहरुले विभिन्न विषयमा आ-आफ्नो समस्या राख्नुभएको थियो । शिक्षा अधिकृत सन्तोष खनालले कार्यक्रम संचालन गर्नुभएको यस कार्यक्रमको समापन उपप्रमुख सृजना बुर्लाकोटी अर्याल ज्यूले गर्नुभएको थियो । कार्यक्रममा महिला शिक्षकहरु उत्सुकतापुर्वक कार्यक्रमको अन्त्यसम्म सहभागी हुनुभई कार्यक्रमलाई सफल बनाई दिनुभएकोमा तारकेश्वर नगरपालिका धन्यबाद ब्यक्त गर्दछ ।

२) १७ औ गणतन्त्र दिवस २०८१



मिति २०८१ जेष्ठ १५ गते मंगलबार गणतन्त्र दिवसको शुभ अवसरमा नेपाल सैनिक मंच, टुडिखेलमा सम्माननिय राष्ट्रपती रामचन्द्र पौडेल ज्युको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा तारकेश्वर नगरपालिका, धर्मस्थली, काठमाडौले जनप्रतिनिधि तथा कर्मचारीको विभिन्न बाजा गाजा सहितको झाकी

तारकेश्वर नगरपालिका कार्यालयबाट नगर प्रमुख कृष्ण हरि महर्जन ज्युको उपस्थितिमा र्याली गरि सैनिक मंच टुडिखेलमा प्रदर्शन गरियो। यसैगरी २०८१ जेष्ठ १५ गते साझ ५ बजे तारकेश्वर नगरपालिका कार्यालयको प्राङ्गणमा १७ औ गणतन्त्र दिवसको अवसरमा दिप प्रज्वलन गरि गणतन्त्र दिवस मनाईयो। नगर प्रमुख कृष्ण हरि महर्जन ज्यू र उप-प्रमुख सृजना बुर्लाकोटी अर्याल ज्यूले दिप प्रज्वलन गरेर शुरु गर्नु भएको यस कार्यक्रममा वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, शाखा प्रमुख ज्यूहरु, सम्पुर्ण कर्मचारी र पत्रकारहरुको उपस्थिति रहेको थियो। सोही अवसरमा नगर प्रमुख ज्यू र उप-प्रमुख ज्यूले सम्पुर्ण तारकेश्वर नगरवासी, जनप्रतिनिधि र कर्मचारीलाई गणतन्त्र दिवसको शुभकामना ब्यक्त गर्नुभयो।



३) बालबालिकाहरुलाई कानुन सम्बन्धी सचेतनामुलकको दुई दिने तालिम

तारकेश्वर नगरपालिका, न्यायिक समिती तथा कानुन शाखाको आयोजनामा बालबालिकाहरुलाई कानुन सम्बन्धी सचेतनामुलकको दुई दिने तालिमको पहिलो दिन २०८१ जेष्ठ १८ गते उप-प्रमुख तथा न्यायिक समितिका संयोजक सृजना बुर्लाकोटी अर्याल ज्युको अध्यक्षतामा सम्पन्न भएको थियो। प्रमुख अतिथी नगर प्रमुख कृष्ण हरि महर्जन ज्युले पानसमा बत्ती बाली उद्घघाटन गर्नुभएको यस कार्यक्रममा वडा न. ३, ६, ८ र ११ का वडा अध्यक्ष ज्युहरु, नगर शिक्षा अधिकारी वीर बहादुर



खड्का ज्यु, शिक्षा अधिकृत पदम के.सि. ज्यु, प्रशिक्षक तथा सर्बोच्च अदालतका उपसचिव दीक्षा प्रधानाङ्ग ज्यु, महिला बालबालिका शाखा प्रमुख प्रतिमा मिश्र ज्यु, न्यायिक समितिका सदस्य ज्युहरु, प्रशासन तथा कानुन शाखा प्रमुख रचना शर्मा पन्थि ज्यु, कर्मचारी, पत्रकार, शिक्षक र बिद्यार्थीहरुको उपस्थिती रहेको थियो। कार्यक्रमको उद्घघाटन सत्रमा नगर प्रमुख कृष्ण हरि महर्जन ज्युले मन्तब्य राख्नु भएको थियो। यसै क्रममा उप प्रमुख सृजना बुर्लाकोटी अर्याल ज्यु, वडा ८ का वडा अध्यक्ष ज्यु, शिक्षा अधिकृत पदम के.सी. ज्युले मन्तब्य राख्नु भएको थियो भने न्यायिक समितिका कर्मचारी रामचन्द्र अर्याल ज्युले स्वागत मन्तब्य राख्नुभएको

थियो। कार्यक्रमको दोश्रो सत्रमा उप-प्रमुख सृजना बुर्लाकोटी अर्याल ज्युले बालबालिकालाई कानुन, न्यायिक समिति गठन र कार्य सम्बन्धी प्रस्तुतिकरण दिनुभएको थियो। प्रशिक्षक तथा सर्बोच्च अदालतका उपसचिव दीक्षा प्रधानाङ्गले बालबालिका र कानुन सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो भने महिला तथा बालबालिका शाखाका शाखा प्रमुख प्रतिमा मिश्र ज्युले बाल अधिकार र बाल क्लबको विषयमा बालबालिकालाई प्रस्तुतीकरण मार्फत सिकाउनुभयो। जिल्ला न्यायाधीश श्रीमान डा. रमेश रिजाल ज्युले नेपालमा बाल अधिकार सम्बन्धी कानुन ब्यवस्था सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो भने प्रशिक्षक तथा मनमैजु मा.वि. का प्रधानध्यापक रविना महर्जन ज्युले बालबालिका र सामाजिक संजाल विषयमा बालबालिकालाई प्रस्तुतीकरण मार्फत सिकाउनुभयो । दुई दिनसम्म सन्चालित यस कार्यक्रमको समापन उप-प्रमुख तथा न्यायिक समितिका संयोजक सृजना बुर्लाकोटी ज्युले गर्नुभएको थियो। कार्यक्रमको संचालन प्रशासन तथा कानुन शाखा प्रमुख रचना शर्मा पन्थिले गर्नुभएको थियो।



४) आधारभूत तह (कक्षा १-५) को लागि २ दिने पाठ्यक्रम प्रवोधिकरण कार्यक्रम

मिति २०८१ जेष्ठ १८ गतेका दिन यस तारकेश्वर नगरपालिकाका आदरणीय नगर उपप्रमुख श्री सृजना बुर्लाकोटी अर्याल ज्युको प्रमुख आतिथ्यतामा आधारभूत तह (कक्षा १-५) को लागि २ दिने पाठ्यक्रम प्रवोधिकरण कार्यक्रमको शुभारम्भ गरियो । उक्त कार्यक्रममा नगर उपप्रमुख श्री सृजना बुर्लाकोटी अर्याल तथा नगर शिक्षा अधिकारी श्री वीर बहादुर खड्का ज्युले शुभकामना मन्तव्य राख्नु भएको थियो। उक्त कार्यक्रममा प्रशिक्षण विज्ञ श्री ज्ञानेन्द्र वन ज्यु, शिक्षा शाखामा कार्यरत कर्मचारी तथा २२ वटै सामुदायिक विद्यालयको आधारभूत तह(कक्षा १-५) मा कार्यरत शिक्षक ज्युहरुको सार्थक उपस्थिति रहेको थियो।



५) विश्व वातावरण दिवसको अवसरमा सरसफाई कार्यक्रम



विश्व वातावरण दिवसको अवसरमा तारकेश्वर नगरपालिकाले मिति २०८१ जेष्ठ २३ गते बुधवार नगर प्रमुख श्री कृष्ण हरि महर्जन ज्युको अगुवाईमा उप-प्रमुख श्री सृजना बुर्लाकोटी अर्याल ज्यु, वडा अध्यक्ष ज्युहरु, जनप्रतिनिधि, कर्मचारी, स्वस्थ्य स्वयं सेविका, विभिन्न संघ/संस्थाका प्रतिनिधिहरु, बिधार्थीहरुको उपस्थितिमा यस नगरपालिकामा बग्ने महादेव खोला सरसफाई गरि मनाईयो ।

६) गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेडपा) को प्राविधिक सिप विकास तालिम





तारकेश्वर नगरपालिका लघु उद्यम विकास शाखाद्वारा संचालित गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेडपा) को प्राविधिक सिप विकास तालिम शीर्षक अन्तर्गत वडा नं १ का १० जना प्रशिक्षार्थीहरूलाई २१ दिन अवधिको बारिष्टा सिप तालिमको अनुगमन नगर उप-प्रमुख श्री सृजना बुर्लाकोटी अर्यालज्यू, वडा अध्यक्ष श्री विदुर सापकोटाज्यू लगायतले गर्नुभएको छ । तारकेश्वर नगरपालिका लघु उद्यम विकास शाखाद्वारा संचालित गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेडपा) को प्राविधिक सिप विकास तालिम शीर्षक अन्तर्गत वडा नं ७ का ५ जना प्रशिक्षार्थीहरूलाई २१ दिन अवधिको बेकरी सिप विकास तालिमको समापन मिति २०८१ असार २ गते नगर उप- प्रमुख श्री सृजना बुर्लाकोटी अर्यालज्यूको अध्यक्षतामा सम्पन्न भयो । तारकेश्वर नगरपालिका लघु उद्यम विकास शाखाद्वारा संचालित गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) को प्राविधिक सिप विकास तालिम शीर्षक अन्तर्गत वडा नं १ का १० जना प्रशिक्षार्थीहरूलाई २१ दिन अवधिको बारिष्टा सिप विकास तालिमको समापन नगर उप-प्रमुख श्री सृजना बुर्लाकोटी अर्यालज्यूको अध्यक्षतामा सम्पन्न भयो । उक्त समापन कार्यक्रममा वडा १ का अध्यक्ष बिदुर सापकोटा, आलेप



शाखा निर्मला शर्मा, प्रशासन प्रमुख रचना शर्मा पन्थी, लघु उधम बिकासका कर्मचारी रामहरी न्यौपाने, प्रशिक्षक र प्रशिक्षार्थीको उपस्थितिमा सबै प्रशिक्षार्थीलाई उप-प्रमुख ज्युले प्रमाणपत्र वितरण गर्नुभयो । तारकेश्वर नगरपालिका लद्यु उद्यम विकास शाखाद्वारा संचालित गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेडपा) को प्राविधिक सिप विकास तालिम शीर्षक अन्तर्गत वडा नं ७ का ५ जना प्रशिक्षार्थीहरूलाई २१ दिन अवधिको बेकरी सिप विकास तालिमको समापन मिति २०८१ असार २ गते नगर उप- प्रमुख श्री सृजना बुर्लाकोटी अर्यालज्यूको अध्यक्षतामा सम्पन्न भयो ।

७) पाठेघरको मुख तथा स्तन क्यान्सर स्कृनिङ्ग कार्यक्रममा

तारकेश्वर नगरपालिका र तुलसीमाया मेमोरियल क्यान्सर रिलिफ प्रतिष्ठानको आयोजना र नेपाल स्त्री क्यान्सर रोग समाज (गेसन) को प्राबिधिक सहयोगमा तारकेश्वर नगरपालिकाको उप-प्रमुखसंग महिला कार्यक्रम अन्तर्गत संचालन भएको पाठेघरको मुख तथा स्तन क्यान्सर स्कृनिङ्ग कार्यक्रममा नगर उप-प्रमुख सृजना बुर्लाकोटी अर्याल ज्यु कार्यक्रमको निरीक्षण गर्नुहुदै साथै महिला स्वास्थ्य स्वयं सेविकाहरु सहजिकरण गर्नुहुदै ।



८) नगरस्तरीय करदाता सचेतना शिक्षा कार्यक्रम

मिति २०८१ जेष्ठ २६ गते शनिबार तारकेश्वर नगरपालिकाको आयोजनामा र सचेतना नागरिक संस्था-नेपालको सहकार्यमा टुसाल मल्टी भेन्युमा उप-प्रमुख सृजना बुर्लाकोटी अर्याल ज्युको अध्यक्षतामा नगरस्तरीय करदाता सचेतना शिक्षा कार्यक्रम सम्पन्न भएको थियो । प्रमुख अतिथि नगर प्रमुख कृष्ण हरि महर्जन ज्युले उद्घघाटन गर्नुभएको यस कार्यक्रममा प्रमुख प्रशासकीय



अधिकृत दिनेश राज पन्त ज्यु, वडा न. ३ का वडा अध्यक्ष परशुराम अर्याल ज्यु, आन्तरिक राजश्व कर कार्यालय बालजुका कर अधिकृत हेमन्त फुयाल ज्यु, कर अधिकृत रवि शाह ज्यु, उधोग तथा बाणिज्य कार्यालयका उधोग अधिकृत रामचन्द्र दाहाल ज्यु, तारकेश्वर नगरपालिकाका शाखा अधिकृत सागर अर्याल ज्यु, कर्मचारी, करदाता सेवाग्राही र पत्रकारको उपस्थिती रहेको थियो । नगर प्रमुख कृष्ण हरि महर्जन ज्यु र उप-प्रमुख सृजना बुर्लाकोटी अर्याल ज्युले मन्तब्य राख्नुभएको थियो । प्रशिक्षक तथा उधोग तथा बाणिज्य कार्यालयका उधोग अधिकृत रामचन्द्र दाहाल ज्युले औधोगिक प्रवर्दन कानुन: दर्ता, नविकरण र खारेजी सम्बन्धी प्रस्तुतीकरण दिनुभयो । यसैगरी आन्तरिक राजश्व कर कार्यालय बालजुका कर अधिकृत हेमन्त फुयाल ज्युले करदाता शिक्षा र तरकेश्वर नगरपालिकाका राजस्व शाखा प्रमुख सागर अर्याल ज्युले स्थानिय कर सम्बन्धी प्रस्तुतिकरण दिनुभयो । सहभागी करदाताहरुले राख्नु भएको जिज्ञासाको जवाफ प्रशिक्षकहरुले दिनुभएको थियो ।

९) नगर प्रमुख संग बिषयगत शाखाहरुको प्रस्तुतीकरण



तारकेश्वर नगरपालिकाको आ.व. २०८१/८२ को योजना तथा कार्यक्रमको लागि मिति २०८१ जेष्ठ २८ गते बिहान ८ बजे नगर प्रमुख ज्युको कार्यकक्षमा बिषयगत शाखा प्रमुखहरु संग नगर प्रमुख कृष्ण हरि महर्जन ज्यु र उप-प्रमुख सृजना बुर्लाकोटी अर्याल ज्युको उपस्थितिमा presentation slide सहित छलफल भयो।

१०) आ.व. २०८१/८२ को योजना तर्जुमाको लागि सुझाव संकलन बिषयक अन्तरक्रिया कार्यक्रम

यस नगरपालिकाको आ.व. २०८१/८२ को योजना तर्जुमा, जनप्रतिनिधिहरुको नगरबासी प्रति उतरदायित्व तथा राजनीतिक दलसँग सुझाव संकलन बिषयक अन्तरक्रिया कार्यक्रम मिति २०८१ असार १ गते शनिबार बिहान ११ बजे नगरपालिकाको नयाँ भवनको सभाहलमा नगर प्रमुख कृष्ण हरि महर्जन ज्यूको अध्यक्षतामा सम्पन्न भयो। प्रमुख अतिथी प्रतिनिधि सभा सदस्य माननीय शिशिर खनाल ज्यूले पानसमा बत्ती बालि कार्यक्रमको उद्घघाटन गर्नुभएको थियो। राष्ट्रिय योजना आयोगका पुर्व उपाध्यक्ष डा. गोबिन्द पोखरेल ज्यू, जिल्ला समन्वय समितिका उप-प्रमुख शान्ति पाण्डे ज्यू, उप-प्रमुख सृजना बुर्लाकोटी अर्यालज्यू, ११ वटै वडाका वडा अध्यक्ष ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत दिनेश राज पन्त ज्यू, नगर शिक्षा अधिकारी वीर बहादुर खड्का ज्यू, कार्यपालिका सदस्य ज्यूहरु, नगरसभा सदस्य ज्यूहरु, पुर्व सहसचिव केदार बोगटी ज्यू, सशस्त्र प्रहरी बल बालाजुका प्रमुख डम्मर राना ज्यू, पुर्व वडा अध्यक्ष ज्यूहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधि ज्यूहरु, कर्मचारी र पत्रकारहरुको उपस्थिति रहेको यस कार्यक्रममा सबै बक्ताहरुले नगरपालिकाको आ.व. २०८१/८२ को नीति तथा कार्यक्रमको लागि सुझाव दिनुभयो। वडा १ का वडा अध्यक्ष बिदुर सापकोटाले स्वागत मन्तब्य दिनुभयो भने राष्ट्रिय योजना आयोगका पुर्व उपाध्यक्ष डा. गोबिन्द पोखरेल ज्यूले नीति तथा कार्यक्रमको लागि प्रशिक्षण दिनुभयो। उप-प्रमुख सृजना बुर्लाकोटी अर्याल ज्युले धन्यबाद ज्ञापन सहित मन्तब्य राख्नु भयो। छलफलमा उठेका विषयहरुको सम्बोधन गर्दै कार्यक्रमको समापन नगर प्रमुख कृष्ण हरि महर्जन ज्युले गर्नुभयो। नगर कार्यपालिकाका प्रबक्ता तथा वडा २ का वडा अध्यक्ष राधाकृष्ण खड्गी ज्युले कार्यक्रम संचालन गर्नु भएको थियो भने यस कार्यक्रममा अतिथी लगायत अन्य प्रतिनिधिहरुबाट प्राप्त भएको राय सुझाव सम्बन्धित शाखा प्रमुखहरुले टिपोट गरि राख्नु भएको छ।



११) नव निर्मित अस्थायी प्रहरी पोष्ट बोहोराटारको भवन हस्तान्तरण



तारकेश्वर नगरपालिकाको आ.व. २०८०/८१ को वडागत कार्यक्रम अन्तर्गत नव निर्मित अस्थायी प्रहरी पोष्ट भवन बोहोराटारको नगर प्रमुख कृष्ण हरि महर्जन ज्यूबाट जिल्ला प्रहरी परिसर टेकु काठमाडौँका कार्यालय प्रमुख प्रहरी बरिष्ट उपरिक्षक श्री बसन्त रजौरे ज्यूलाई एक कार्यक्रमका बीच भवन हस्तान्तरण गर्नुभयो । नगर उप प्रमुख सिर्जना बुर्लाकोटी ज्यू, वडा ५ का वडा अध्यक्ष शम्भु प्रसाद फुयाल ज्यू र स्थानीय बासीको उपस्थित रहेको थियो ।

१२) तारकेश्वर नगरपालिकाको १५ औ नगरसभा सम्पन्न

तारकेश्वर नगरपालिकाको १५ औ नगरसभाको उद्घघाटन सत्र मिति २०८१ असार ७ गते नगरपालिकाको नयाँ भवनको सभाहलमा नगर प्रमुख कृष्ण हरि महर्जन ज्युको अध्यक्षतामा सम्पन्न भएको छ । प्रतिनिधि सभा सदस्य श्री माननीय शिशिर खनाल ज्युले उद्घघाटन गर्नुभएको यस कार्यक्रममा नगर प्रमुख श्री कृष्ण हरि महर्जन ज्युले नीति तथा कार्यक्रम पढेर सुनाउनु भएको थियो । संविधान सभा सदस्य एब पुर्व रक्षा मन्त्री श्री भिमसेनदास प्रधान ज्यु, प्रदेश सभा सदस्य श्री अमन मास्के ज्यु, उप-प्रमुख सृजना बुर्लाकोटी अर्याल ज्यु, निबर्तमान नगर प्रमुख रामेश्वर बोहरा ज्यु, वडा अध्यक्ष ज्युहरु, नगर सभा सदस्य ज्युहरु विभिन्न राजनितिक दलका प्रतिनिधि, पत्रकार, कर्मचारीहरुको उपस्थिति रहेको थियो । प्रतिनिधि सभा सदस्य श्री माननीय शिशिर खनाल ज्युले नीति तथा कार्यक्रमको सुझाव सहित सफलताको शुभकामना दिनुभयो । उप





प्रमुख सृजना बुर्लाकोटी अर्याल ज्युले शुभकामना मन्तव्य राख्नु भयो भने वडा १ का अध्यक्ष बिदुर सापकोटा ज्युले स्वागत भाषण गर्नुभयो । सबै बक्ताहरुले नीति तथा कार्यक्रम सफल होस भनी सुझाव सहित शुभकामना दिनुभयो । तारकेश्वर नगरपालिकाको १५ औ नगरसभाको बन्द सत्र आज मिति २०८१ असार ७ गते नगरपालिकाको नयाँ भवनको सभाहलमा नगर सभा अध्यक्ष कृष्ण हरि महर्जन ज्युको अध्यक्षतामा सम्पन्न भएको छ । नगर उप-प्रमुख सृजना बुर्काकोटि अर्याल ज्युले आ.व. २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु भयो ।

१३) आ.व. २०८०/८१ को योजना तथा कार्यक्रमको अनुगमन

तारकेश्वर नगरपालिकाको आ.व. २०८०/८१ को योजना तथा कार्यक्रम अन्तर्गतको विभिन्न सम्पन्न भएका योजनाहरुको अनुगमन गर्नुहुदै उप-प्रमुख सृजना बुर्लाकोटी अर्याल ज्यु , वडा २ का वडा अध्यक्ष राधाकृष्ण खडकी ज्यु, वडा ३ का वडा अध्यक्ष परशुराम अर्याल ज्यु, वडा २ का वडा सदस्य किशोर भण्डारी ज्यु, प्राविधिक र स्थानियबासी।



१४) लद्यु उद्यमी र लद्यु वित्तिय संस्थाहरू बिच अन्तरक्रिया कार्यक्रम

तारकेश्वर नगरपालिका, लद्यु उद्यम विकास शाखाद्वारा संचालित गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेडपा)अन्तर्गत लद्यु उद्यमी र लद्यु वित्तिय संस्थाहरू बिच अन्तरक्रिया कार्यक्रम र बजार बजारीकरण तथा व्यावसायिक



परामर्श सम्बन्धी अन्तर्क्रिया कार्यक्रम वडा नं १ का वडा अध्यक्ष श्री विदुर सापकोटा ज्यूको अध्यक्षतामा सम्पन्न भयो। उक्त कार्यक्रममा नेपाल बैंक वालाजू शाखाका शाखा प्रमुख, राष्ट्रिय लद्यु उद्यमी महासंघका निवर्तमान महा सचिवको सहभागिता रहेको थियो। कार्यक्रमको सहजीकरण उद्यम विकास सहजकर्ता रामहरि न्यौपानेले गर्नु भएको थियो। वडा नं १ र ७ गरि ४० जनाको सहभागीता रहेको थियो।

१५) ढाका बुनाई तालिम

तारकेश्वर नगरपालिका, महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखाको आयोजनामा र एकल महिलाको समन्वयमा ढाका बुनाई तालिमको उप-प्रमुख सृजना बुर्लाकोटी अर्याल ज्यु अनुगमन गर्नुहुदै। अनुगमनमा वडा ३ का वडा अध्यक्ष परसुराम अर्याल ज्यु, वडा ६ का वडा अध्यक्ष घनश्याम श्रेष्ठ ज्यु , शाखा प्रमुख प्रतिमा मिश्र ज्यु र कर्मचारीहरु। साथै, तारकेश्वर नगरपालिका, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाको आयोजनामा र गतिशिल महिला समुहको समन्वयमा वडा न. ११ मा संचालित एडभान्स ब्युटिपार्लरको ४५ दिने तालिमको पनि आजै उप-प्रमुख सृजना बुर्लाकोटी अर्याल ज्यु अनुगमन गर्नुभयो।



१६) तारकेश्वर नगरपालिकाका अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्रीहरु बितरण कार्यक्रम

तारकेश्वर नगरपालिका, महिला बालबालिका तथा समाजकल्याण शाखाको आयोजनामा तारकेश्वर नगरपालिकाको नयाँ भबनमा मिति २०८० अषाढ १७ गते सोमबार बागमती प्रदेशको शसर्त कार्यक्रम अन्तर्गत नगर प्रमुख कृष्ण हरि महर्जन ज्यू र उप-प्रमुख सृजना बुर्लाकोटी अर्याल ज्यूले एक कार्यक्रमका बिच तारकेश्वर नगरपालिकाका अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्रीहरु बितरण गर्नुभयो। नगरपालिकाको महिला बालबालिका तथा समाजकल्याण शाखाले केहि समय अगाडी



तारकेश्वर नगरपालिका भित्र बसोबास गर्ने अपाङ्गता भएकाहरुलाई सहायक सामग्री बितरणका लागि आवेदन माग गरेको थियो। ११ वटै वडाबाट संकलन भएको आवेदन बमोजिम सहायक सामग्री माग गरेका अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्री बितरण गरिएको हो। भौतिक अवरोधका कारण कार्यक्रम स्थलसम्म आइपुग्न नसकेका अपांगता भएका व्यक्तिहरुलाई घरमानै लगेर सहायक सामग्रीहरु बितरण गर्न नगर प्रमुख कृष्ण हरि महर्जन ज्यूले महिला बालबालिका तथा समाजकल्याण शाखालाई निर्देशन दिनुभयो। सहायक सामग्री पाएपछि तारकेश्वरका एक दर्जन बढी अपांगता भएकाहरुले आफुले माग गरे अनुसारका सहायक सामग्रीहरु नगरपालिकाले उपलब्ध गराइदिएकोमा निकै खुसी हुदै नगरपालिकालाई धन्यबाद दिएका थिए। नगरपालिका कार्यालय सम्म आएर अपांगता परिचयपत्र लिन नसक्ने अपांगता भएका व्यक्तिहरुलाई घर-घरमानै पुगेर परिचयपत्र बितरण गरिएको उप-प्रमख सृजना बुर्लाकोटी अर्याल ज्यूले बताउनुभयो। तारकेश्वर नगपालिका भित्र स्थायी बसोबास गर्ने अपांगता भएका व्यक्तिहरुका लागि नगरपालिकाले बिभिन्न कार्यक्रमहरु गदै आइरहेको छ। सो अवसरमा तारकेश्वर नगरपालिकाको महिला तथा समाजकल्याण शाखाकी प्रमुख प्रतिमा मिश्र, महिला बिकास अधिकृत र कर्मचारीहरुको उपस्थिती रहेको थियो।

१७) माध्यमिक शिक्षा परीक्षा २०८० को नतिजा विश्लेषण गोष्ठी

मिति २०८१ असार १८ गतेका दिन यस तारकेश्वर नगरपालिकाका आदरणीय नगर प्रमुख श्री कृष्ण हरि महर्जनज्युको अध्यक्षतामा माध्यमिक शिक्षा परीक्षा २०८० को नतिजा विश्लेषण गोष्ठी सम्पन्न भयो।उक्त गोष्ठीमा नगर प्रमुख श्री कृष्ण हरि महर्जन,नगर उपप्रमुख श्री सृजना बुर्लाकोटी अर्याल,प्रमुख प्रशासकीय अधिकृत श्री दिनेश राज पन्त,नगर शिक्षा अधिकारी श्री वीर बहादुर खड्का,नगर शिक्षा समितिका सदस्यज्युहरु, सामुदायिक विद्यालयका प्र अ



,प्याब्सन तथा एनप्याब्सनका पदाधिकारीज्युहरु सहभागी हुनुभएको थियो। गोष्ठीमा आधारभुत तथा माध्यमिक तहको शिक्षाको गुणस्तर सुधारमा कार्ययोजना सहित लाग्नु हुन नगर प्रमुखज्युले निर्देशन दिनु भएको थियो । सामुदायिक विद्यालयका प्र अ ज्युहरुले आगामी दिनहरुमा कमिकमजोरीहरुलाइ सुधार गर्दै सिकाइ उपलब्धीलाई थप सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो। माद्यमिक शिक्षा परीक्षा २०८० मा यस नगरपालिकाबाट सामुदायिक विद्यालय तर्फ ७२१ जना सहभागी हुनुभएकोमा १ जनाको ४ GPA सहित ५२९ (७३.३७%)जना सफल हुनुभएको थियो भने सस्थागत विद्यालय तर्फ १३२२ सहभागी हुनु भएकोमा ५ जनाको ४ GPA सहित ११९७(९०.५४%) जना सफल हुनुभएको थियो।राष्ट्रियस्तरमा सफलता दर भने ४७.८७% रहेको छ।

१९) जनप्रतिनिधि र कर्मचारीलाई बालमैत्री स्थानीय शासन ब्यवस्था सम्बन्धी १ दिवसीय तालिम



तारकेश्वर नगरपालिका महिला बालबालिका तथा सामाज कल्याण शाखाको आयोजनामा मिति २०८१ अषाढ १८ गते मंगलवार टुसाल मल्टिभेन्युमा जनप्रतिनिधि र कर्मचारीलाई बालमैत्री स्थानीय शासन ब्यवस्था सम्बन्धी १ दिवसीय तालिम उप प्रमुख सृजना बुर्लाकोटी ज्युको अध्यक्षतामा कार्यक्रम सम्पन्न भयो । यस कार्यक्रमका प्रमुख अतिथि नगर प्रमुख कृष्ण हरि महर्जन ज्युले उद्घघाटन गर्नुभएको कार्यक्रममा वडा अध्यक्ष ज्युहरु, कार्यपालिका सदस्य ज्युहरु, वडा सदस्य ज्युहरु, शाखा प्रमुख ज्युहरु, महिला स्वास्थ्य स्वयंसेविका ज्युहरु र पत्रकारको उपस्थिति रहेको थियो। प्रशिक्षक आत्माराम थापा ज्युले बालमैत्री स्थानीय शासन स्थापना र दिगोपना सम्बन्धि प्रस्तुतीकरण दिनुभएको थियो।

२०) स्थानीय, जिल्ला, उच्च, सर्बोच्च बिचको कानुन सम्बन्धि निर्वाचित जनप्रतिनिधिहरुको २(दुई) दिवसीय अन्तरक्रिया कार्यक्रम

तारकेश्वर नगरपालिका, न्यायिक समिति तथा कानुन शाखाको आयोजनामा मिति २०८१ असार २१ र २२ गते हिमालय दृष्य रिसोर्ट, धुलिखेलमा नगर उप-प्रमुख सृर्जना बुर्लाकोटी अर्याल ज्यूको अध्यक्षतामा र नगर प्रमुख कृष्ण हरि महर्जन ज्यूको प्रमुख आतित्थ्यमा स्थानीय, जिल्ला, उच्च, सर्बोच्च बिचको कानुन सम्बन्धि तारकेश्वर नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरुको २(दुई) दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । प्रमुख अतिथि नगर प्रमुख कृष्ण हरि महर्जन ज्यूले उद्घघाटन गर्नुभएको यस कार्यक्रममा वडा अध्यक्ष ज्युहरु, कार्यपालिका सदस्य ज्युहरु, वडा सदस्य ज्युहरु, कर्मचारी र पत्रकारको उपस्थिति रहेको थियो । राष्ट्रिय न्यायिक प्रतिष्ठानका निर्देशक तथा यस कार्यक्रमका प्रशिक्षक पारस पोडेल ज्यूले स्थानीय न्यायिक समिति र अदालतको बिषयमा जनप्रतिनिधिहरुलाई प्रस्तुतीकरण दिनुभयो। मन्तव्यको क्रममा कार्यक्रमको प्रमुख अतिथि एवम् नगर प्रमुख कृष्ण हरि महर्जन ज्यूले जनता र जनप्रतिनिधिहरु बीच आपसी भाईचारा मेलमिलाप हुन जरुरी हुन्छ र सबैको मेलले मात्रै समृद्ध

तारकेश्वर निर्माणमा महत्वपूर्ण भूमिका खेल्नेछ भन्नुभयो। उप-प्रमुख तथा न्यायिक समितिका संयोजक सृर्जना बुर्लाकोटी अर्याल ज्यूले नगरपालिका भित्र ५ वर्ष सम्म गर्न नसकेका काम हामीले गरेका छौ, यस कार्य समिति आईसकेपछी जनताले धेरै न्यायको अनुभूती गर्नु भएको बताउनु भयो। यसकारण पनि तारकेश्वर नगरपालिकाको न्यायिक समितिले जनताको हक, अधिकारका लागि कुनै पनि समय जनताको पक्षमा रही रहने, उनीहरुलाई न्याय समितिमा कुनै पनि बिषय आई सकेपछी त्यसको निराकरण स्वच्छ तवरबाट न्याय दिलाउने कामका लागि रहेको र हामीले गरेको कामहरुलाई तारकेश्वर नगरबासीहरुले स्वमुल्यांकन गर्ने हुनाले प्रचार प्रसार गर्ने हाम्रो बानी नरहेको र हामी सम्पुर्ण वडाका न्यायिक समितिका सदस्यहरु, जनप्रतिनिधिहरु सबै जनाको सहकार्य गरेर निश्पक्ष ढंगले पिडितहरुलाई न्याय दिलाउने काममा तारकेश्वर नगरपालिका लागिरहने कुरा बताउनु भयो। वडा २ का वडा सदस्य तथा हास्य कलाकार किशोर भण्डारी ज्यूले कार्यक्रममा सहभागीहरुलाई हसाएर मनोरंजन दिनुभएको थियो। न्यायिक समितिका सदस्य तथा वडा ९ का वडा सदस्य उज्वल अधिकारी ज्यूले स्वागत मन्तब्य राख्नु भएको थियो | कार्यक्रमको संचालन प्रशासन तथा कानुन शाखाका शाखा प्रमुख रचना शर्मा पन्थी ज्युले गर्नुभएको थियो।



२१) गरिबी निवारणका लागि लघु उद्यम विकास (मेड्पा) कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तरण कार्यक्रम

तारकेश्वर नगरपालिका लद्यु उद्यम विकास शाखाद्धारा आ.व २०८०/०८१ मा संचालित गरिबी निवारणका लागि लघु उद्यम विकास (मेड्पा) कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तरण कार्यक्रम तारकेश्वर नगरपालिकाका उप-प्रमुख सृजना बुर्लाकोटी अर्याल ज्यूको सभाअध्यक्षतामा रूद्रेश्वर महिला विकास समितिका महिलाहरूलाई सामूहिक वेकरी व्यवसाय संचालन गर्न सहजिकरणका लागि समूहलाई ८०% अनुदानमा One deck oven १ थान, planetary mixture 10 ltr. १ थान लगायत मेसिन औजारहरू नगर उप प्रमुखज्यू द्वारा हस्तान्तरण गरिएको छ।



२२) अनलाईन सिफारिस मोबाईल एप्सबाट

तारकेश्वर नगरपालिकाले सेवाग्राहिहरुलाई वडा कार्यालयबाट उपलब्ध हुने कुनै पनि सिफारिस घरमै बसेर अनलाइनको माध्यमबाट सिफारिस लिनको लागि अनलाईन सिफारिस एप्स संचालनमा ल्याएको छ। वडा न. ८ र ११ बाट गत आ.व. बाट नै कार्यान्वयन भएको अनलाईन सिफारिस एप्स यो आ.व. बाट ११ वटै वडाबाट शुरु गरिएको छ। सेवाग्राहीले अनलाईन सिफारिसको मोबाईल एप्सबाट अनुरोध गरिएको सिफारिसलाई वडा सचिवले रुजु गरि प्रक्रिया पूरा भएका सिफारिसलाई वडा अध्यक्षबाट प्रमाणित गरि पुनः सेवाग्राहीको मोबाईल एप्समा पठाईनेछ। अब सेवाग्राहीले वडा कार्यालय नधाई घरमै बसेर आफुलाई आवश्यक सिफारिस मोबाईल एप्सबाट प्राप्त गर्न सक्नेछन।



********** जय तारकेश्वर **********